९१

संख्या नं :

# ओमसतिया गाउँपालिकाको बिद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०७६

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७६/०७/०८ |

ओमसतिया गाउँपालिका

हाटीफर्साटिकर, रुपन्देही

५ नं. प्रदेश, नेपाल

# ओमसतिया गाउँपालिकाको विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०७६

प्रस्तावना

नेपालको सविधानको अनुसूची ८ को स्थानीय तहको अधिकारको मर्मअनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को खण्ड (ज) को १० र २१ मा उल्लेखित विद्यालयको गुणस्तर अभिवृद्धिका लागि स्थानीय सरकारबाट विद्यालयहरुका लागि प्रदान गरिने शैक्षिक सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा व्यवस्थित गरी विद्यालय बाहिर रहेका बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन तथा भर्ना भएका सबै बालबालिकालाई विद्यालयमा टिकाइ राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चतता बढाउन स्थानीय तहबाट प्रदान गरिने शैक्षिक अनुदानको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले ओमसतिया गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद –१

### संक्षिप्त नाम र प्रारम्भः

१.१ यो कार्यविधिको नाम विद्यालय अनुदान व्यवस्थापन कार्यविधि २०७५ रहेको छ ।

१.२ यो कार्यविधि ओमसतियागाउँपालिका भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरुमा तुरुन्त लागू हुने छ ।

## परिच्छेद –२

### परिभाषा

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले संघीय शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले ओमसतिया गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको ओमसतिया गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई सम्झनुपर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको ओमसतिया गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न तोकिएको प्रधानाध्यापकलाई सम्झनुपर्छ।

(ङ) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ ।

(झ) "व्यवस्थापन समिति" भन्नाले सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नको लागि गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "विद्यालय" भन्नाले सामुदायिक र संस्थागत विद्यालय सम्झनु पर्छ ।

(ठ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ । (स्पष्टीकरण: आधारभूत तह भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८ सम्म दिइने शिक्षा र माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।)

(ड) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ढ) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ ।

(ण) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक (वैशाख-चैत्रको) अवधि सम्झनु पर्छ ।

(त) "शिक्षक" भन्नाले नेपाल सरकारबाट स्वीकृत वा अनुदान प्राप्त दरबन्दी अन्तर्गत व्यवस्थापन समितिले नियुक्त भएको शिक्षक सम्झनु पर्छ र सो शव्दले

गाउँपालिकाको वा अन्य स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त गरिएको शिक्षकलाई समेत सम्झनुपर्छ ।

(थ) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(द) "संस्थागत विद्यालय" भन्नालेनेपाल सरकारबाट कुनैपनि अनुदान नलिई सञ्चालित विद्यालयलाई सम्झनु पर्छ ।

(ध) "स्रोतव्यक्ति" भन्नाले गाउँपालिका अन्तर्गतका विद्यालयको शैक्षिक गतिविधि सञ्चालनमा विद्यालय र शिक्षकलाई प्राविधिक सहयोग गर्न गाउँपालिकाले तोकेको विशेषज्ञ व्यक्तिलाई सम्झनु पर्छ ।

(न) "सशर्त अनुदान" भन्नाले विद्यालयहरुलाई दिइने शिक्षक तलब भत्ता विद्यालय कर्मचारीहरुको तलब भत्ता बालविकासका सहजकर्ताहरुको तलब भत्ता निःशुल्क पाठ्पुस्तक विद्यालय व्यवस्थापन खर्च विद्यालय सुधार योजना सामाजिक परिक्षण बुक कर्नर तथा छात्रबृत्तिलाई सम्झनुपर्छ । साथै विद्यालयहरुको पूर्वाधार विकासका लागि तोकि समय समयमा प्राप्त हुने अनुदान समेतलाई जनाउने छ । सशर्त अनुदान केन्द्र तथा प्रदेश सरकारले समय समयमा उपलब्ध गराउने अनुदानलाई जनाउने छ ।

(प) "एकमुष्ठ अनुदान" भन्नाले विद्यार्थी संख्या र विषयगत रुपमा हालसम्म कुनै पनि शिक्षक स्वीकृत दरवन्दी राहत शिक्षक अनुदान प्राप्त नगरेका विद्यालयलाई प्राप्त हुने सुत्रमा आधारित अनुदानलाई सम्झनुपर्छ । साथै यसले विद्यालयको समग्र पक्षको विकासका लागी ओमसतिया गाउँपालिकाले विद्यालयहरुलाई शैक्षिक गुणस्तर सुधारकालगि प्रचलित कानुनको परिधिभित्र रही विद्यालय व्यवस्थापन समितिले अध्यावधिक विद्लय सुधार योजनाको आधारमा आफैं प्राथामिकता निर्धारण गरी खर्च गर्न सक्ने गरी विद्याललाई प्राप्त हुने अनुदानसमेतलाई जनाउने छ ।

(फ) "कार्यसम्पादन अनुदान" भन्नाले विद्यालयले हासिल गरेको शैक्षिक उपलब्धिको आधारमा विद्यालयको थप क्षमता अभिवृद्धि गर्न शैक्षिक गुणस्तर सुधार अनुदानका अतिरिक्त दिइने थप अनुदानलाई जनाउने छ ।

(ब) "विज्ञान विषय सञ्चालन र विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने विद्यालयलाई अनुदान" भन्नाले कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन गराउने सामुदायिक विद्यालयलाई अन्य अनुदानका अतिरिक्त दिइने थप अनुदान सम्झनुपर्छ । साथै यसले माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्न गाउँपालिकाबाट प्राप्त हुने अनुदानसमेतलाई जनाउने छ ।

(भ) "प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा सञ्चालन गर्ने विद्यालयलाई अनुदान" भन्नाले कक्षा ९ देखि प्राविधिक तथा व्यवसायिक विषयको अध्यापन गराउने सामुदायिक माध्यमिक विद्यालयलाई दिइने थप अनुदानलाई जनाउने छ ।

(म) "उच्च शिक्षा सञ्चालन अनुदान" भन्नाले यस गाउँपालिका भित्र विश्वविद्यालय तहको शिक्षा प्रदान गर्न स्थापना भइ सञ्चालनमा रहेका क्याम्पसको पूर्वाधार विकास तथा क्याम्पस सञ्चालनका लागी प्रदान गरिने अनुदान रकमलाइ जनाउँछ ।

(य) "शिक्षा नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ सम्झनुपर्छ ।

(र) "विभाग" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाइ सम्झनुपर्छ ।

## परिच्छेद ३

## उद्देश्य

३. यो कार्यविधि ओमसतिया गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरूलाइ दिइने अनुदानलाई व्यवस्थित गर्न प्रत्येक विद्यालयले विद्यालय सुधार योजना बनाई कार्यान्वयन गर्ने क्रममा विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न मार्गदर्शनको रूपमा रहने छ । यो कार्यविधि जारी गर्नुका उद्देश्यहरु देहायबमोजिम हुनेछन् :

३.१ उपलब्ध स्रोत र साधनको समुचित परिचालनमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई जिम्मेवार बनाई गुणस्तर शैक्षिक वातावरण तयार गर्न सघाउ पुर्याउनु

३.२ विद्यालयको शिक्षण सिकाइ एवम् भौतिक वातावरणलाई बालमैत्री बनाई शैक्षिक गुणस्तर बढाउन सघाउनु

३.३ विद्यालयमा विद्यार्थी संख्या र विषयगत आधारमा शिक्षक व्यवस्थापन गर्न सघाउ पुर्याउनु

३.४ विद्यालयमा हुने आर्थिक गतिविधिलाई पारदर्शी बनाइ वित्तीय सुशासन कायम गर्नु ।

## परिच्छेद ४

## विद्यालय अनुदान

४. विद्यालय अनुदान देहायबमोजिम हुने छन् :

४.१ सशर्त अनुदानःस्वीकृत दरवन्दीमा तथा अनुदान कोटामा कार्यरत सबै शिक्षकहरु, प्रारम्भिक बालविकासका शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीहरुको तलब भत्ता सशर्त अनुदानका रुपमा उपलब्ध हुनेछ । यसका साथै निःशुल्क पाठ्यपुस्तक, विभिन्न प्रकारका छात्रवृत्ति, विद्यालय व्यवस्थापन अनुदान,विद्यालय सुधार योजना, सामाजिक परीक्षण बुक कर्नर तथा समय-समयमा विद्यालयको भौतिक सुधार सम्बन्धी कार्यक्रमका लागि सशर्त अनुदान उपलब्ध हुनेछ । विद्यालयले प्राप्त गर्ने सशर्त अनुदान समबन्धि विवरण तथा आधारहरु शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार हुने छ ।

४.२ शैक्षिक गुणस्तर सुधार तथा एकमुष्ठ अनुदानः सामुदायिक विद्यालयको सर्वपक्षीय सघाउ पुर्याउने तथा विद्यालय सुधार योजना कार्यान्वयनका लागि विद्यार्थी संख्याका आधारमा विद्यालयलाई शिक्षक व्यवस्थापन र भौतिक सुधारका लागि एकमुष्ठ अनुदान उपलब्ध

हुनेछ । विद्यालयले गाउँपालिकाबाट प्राप्त गर्ने अनुदान सम्बन्धी आधारहरु अनुसूची १ अनुसार हुने छ ।

४.३ नमूना विद्यालय विकास अनुदानः संघीय सरकार, प्रदेश सरकार र ओमसतिया गाउँपालिकाले नमूना विद्यालय विकासका लागी छनोट भएका नमूना विद्यालयहरुले तयार पारेका नमूना विद्यालय सुधार गुरूयोजना बमोजिम शैक्षिक, भौतिक र व्यवस्थापकीय सुधारका लागि प्राप्त हुने सशर्त अनुदानका साथै नमूना विद्यालयका लागि विभिन्न शीर्षकमा ओमसतिया गाउँपालिकाद्वारा प्रदान गरिएको अनुदान समेत हुनेछ ।

## परिच्छेद ५

## विद्यालयले गर्नुपर्ने कार्यहरू

अनुदान प्राप्त गर्ने प्रत्येक विद्यालयहरुले देहायका कार्यहरु अनिवार्य रुपमा गर्नुपर्ने छः

क) विद्यालय सुधार योजना प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको शैक्षिक भैतिक आर्थिक तथा व्यवस्थापकीय पक्ष सुधारका कार्यक्रम समेटिएको अद्यावधिक विद्यालय सुधार योजना तयार गर्नुपर्ने छ र प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्ने छ ।

ख) सामाजिक परीक्षण तथा लेखा परीक्षण प्रत्येक विद्यालयले आफ्नो हरेक वर्षको वार्षिक आर्थिक कारोबारको नियमितरुपमा लेखापरीक्षण एवम विद्यालयको सम्पूर्ण वार्षिक क्रियाकलापहरुको सामाजिक परीक्षण गरी प्रतिवेदन गाउँपालिकमा पेस गर्नुपर्ने छ ।

ग) विद्यालयको वार्षिक कार्ययोजना विद्यालय सुधार योजनाका आधारमा प्रत्येक विद्यालयले आफ्नो लक्ष्य तथा बजेटसहितको वार्षिक कार्ययोजना तयार गर्नुपर्ने छ ।

घ) तथ्याङ्क व्यवस्थापन प्रत्येक विद्यालयले हरेक शैक्षिक सत्रको सुरु तथा अन्तमा तोकिए बमोजिमको शैक्षिक तथ्याङ्क EMIS भरी शिक्षा शाखा मार्फत गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

## परिच्छेद ६

## अनुदान निकासा र अनुदान खर्चको प्रक्रिया

६.१ अनुदान निकासा: गाउँपालिकाको शिक्षा शाखाले गरेको सिफारिसका आधारमा गाउँपालिकाले अनुदानको शीर्षक खोली सम्बन्धित विद्यालयको खातामा निकासा गर्नुपर्ने छ । यसरी निकासा गरिएको अनुदानको जानकारी सम्बन्धित विद्यालयलाई गाउँपालिकाको शिक्षा शाखाले दिनुपर्ने छ ।

६.२ अनुदान खर्च गर्ने प्रक्रिया

६.२.१ विद्यालयले प्राप्त गरेको सशर्त अनुदान तथा एकमुष्ठ शैक्षिक गुणस्तर सुधार अनुदानको रकम विद्यालयले सम्बन्धित शीर्षकमा नै खर्च गर्नुपर्ने छ ।

६.२.२ विद्यालयले गाउँपालिकाबाट शैक्षिक गुणस्तर सुधार अन्तर्गत प्राप्त अनुदानको रकम विद्यालयले शिक्षण सिकाइ, शिक्षण सामग्री, शिक्षक व्यवस्थापन तथा विद्यालयको विकासमा प्रयोग गर्नुपर्ने छ ।

६.२.३ विद्यालयमा प्राप्त अनुदानको खर्चको चौमासिक प्रतिवेदन गाउँपालिकामा अनिवार्य रूपमा पेस गर्नुपर्ने छ ।

६.२.४ गाउँपालिकाबाट अनुदान प्राप्त गर्ने विद्यालयले शिक्षक व्यवस्थापन गर्दा विद्यालय व्यवस्थापन समितिको निर्णयबाट शिक्षक नियुक्तिगरी निजलाई मासिक रुपमा उपलब्ध गराउने शिक्षकको तलवी प्रतिवेदन पारित गरि गाउँपालिकाबाट प्राप्त अनुदानबाट नियुक्तिगरिएको शिक्षकको व्यक्तिगत फाइल गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

६.२.५ गाउपालिकाबाट प्राप्त हुने अनुदानबाट शिक्षक नियक्ति प्रयोजनका लागि विद्यालय व्यवस्थापन समितिले शिक्षक छनोट समिति गठन गरी अधारभूत र माध्यमिक तहमा अंग्रेजी, गणित र विज्ञान विषयलाइ विषेश प्राथमिकता दिनुपर्नेछ । प्राथमिक तहको हकमा विद्यालयको अवश्यकताको अधारमा शिक्षक व्यवस्थापन गर्न सकिनेछ ।

६.२.५.(१) गाउँपालिकाबाट प्राप्त अनुदानबाट शिक्षक व्यवस्थापन गर्दा देहायबमोजिमको शिक्षक छनोट समिति रहनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको वि.व्य.स. को सदस्य - संयोजक

(ख) गाउँपालिकाको शिक्षा शाखा प्रतिनिधि - सदस्य

(ग) विषय विज्ञ (वि.व्य.स.ले छनोट गरेको) २ जना - सदस्य

(घ) प्रधानाध्यापक - सदस्य सचिव

६.२.६ गाउँपालिकाबाट प्राप्त अनुदान विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार सम्बन्धित शीर्षकमा खर्च गरी सो खर्चको बिल भरपाई तलबी भरपाईको फछ्यौंट विद्यालयले अनिवार्य रूपमा गर्नुपर्ने छ ।

## परिच्छेद ७

## विभिन्न निकायहरुको भूमिका

७ विद्यालय अनुदान व्यवस्थापन

विद्यालयमा जाने आनुदानको प्रभावकारी उपयोगका लागि विभिन्न निकायहरुको दायित्व देहाय अनुसार हुने छ :

७.१ गाउँपालिका

क) विद्यालयले पाउने अनुदान रकम निर्धारण तथा विद्यालयमा प्रवाह गर्ने प्रवन्ध मिलाउने ।

ख) विद्यालयले प्राप्त गर्ने अनुदान सम्बन्धमा स्थानीय तहको शिक्षा कार्यालयले आवश्यक समन्वय र मार्गदर्शन गर्ने ।

ग) विद्यालय अनुदान व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानिय तहका विद्यालयहरुको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने ।

घ) यस कार्यविधिमा उल्लेखित अनुसूचीमा उल्लेख गरिएका विद्यालय अनुदान सम्बन्धी व्यवस्था प्रचलित नियमानुसार परिमार्जन गर्ने ।

**७.२ स्थानीय तहको शिक्षा शाखा :**

क) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने विद्यालय तथा विद्यार्थीको विवरण अद्यावधिक गर्ने ।

ख) विद्यालयले प्राप्त गर्ने अनुदानको एकिन गर्ने ।

ग) विद्यालयमा जाने अनुदान समयमै निकासाका लागि सिफारिस गर्ने ।

घ) विद्यालयमा निकासा भएको रकम खर्च गर्ने आधारहरु विद्यालयमा उपलब्ध गराउने ।

ङ) निकासा भएको अनुदान तोकिएको कार्यमा तोकिएबमोजिम उपयोग भएको छ छैन सो को अनुगमन गरी नियमित रुपमा गाउँपालिकामा प्रतिवेदन पेश गर्ने ।

च) विद्यालयको शिक्षण सिकाइको सुपरीवेक्षणका अतिरिक्त आफ्नो क्षेत्र अन्तर्गतका विद्यालयमा निकासा हुने अनुदान रकम तोकिएको क्रियाकलापमा उपयोग भएको छ छैन सोको अनुगमन गरी गाउँपालिकामा प्रतिवेदन पेश गर्ने ।

छ) विद्यालयले प्राप्त गरेको सर्शत अनुदान, शैक्षिक गुणस्तर अनुदान, कार्य सम्पादनमा आधारित अनुदान लगायतका अनुदानका लागि विद्यालयको तथ्याङ्का आधारमा प्रमाणीकरण गरी सिफारिससहित गाउँपालिकामा समक्ष पेश गर्ने ।

## परिच्छेद ८

## विविध

८.१ अनुसूची संशोधन गर्ने अधिकार : यस कार्यविधिमा रहेका अनुसूचीहरु गाउँपालिकाले स्वीकृत बजेट तथा कार्यक्रम आवश्यकता र औचित्यका आधारमा गाउँकार्यपालिकाको बैठकबाट संशोधन गर्न सक्नेछ ।

### अनुसूची- १

ओमसतिया गाउँपालिकामा संचालनमा रहेका विद्यालयहरुलाई शैक्षिक सुधार कार्यक्रम अन्तर्गत गाउँपालिकाले दिने एकमुष्ठ अनुदानका आधारहरु देहाय बमोजिम हुनेछ । साथै, उक्त आधारहरु विद्यार्थी संख्या र विषयगत शिक्षक दरबन्दीमा आधारीत हुनेछ ।

१. एक दरबन्दी मात्र भएका विद्यालयको शैक्षिक सुधारको लागि दिईने एकमुष्ठ अनुदान ।

२. दुई दरबन्दी भई ५ कक्षा सञ्चालन भएको र कम विद्यार्थी भएका विद्यालयहरुलाई एकमुष्ठ MGML मा दिईने अनुदान ।

३. कक्षा ६ देखि ८ सम्म सञ्चालित शुन्य दरबन्दी भएका विद्यालयलाई दिईने एकमुष्ठ अनुदान ।

४. मा.वि. तहमा शुन्य दरबन्दी भएका विद्यालयलाई दिईने एकमुष्ठ अनुदान ।

५. एक वटा दरबन्दी भई कक्षा ९ देखि १० सम्म सञ्चालित विद्यालयका लागि एकमुष्ठ अनुदान ।

६. मा.वि. तहमा दुई वा तिन वटा दरबन्दी भई कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालयका लागि एकमुष्ठ अनुदान ।

७. क्याम्पसको पूर्वाधार तथा संचालनका लागि एकमुष्ठ अनुदान ।

८. कक्षा ९ देखि १२ सम्म ICT को माध्यमबाट कक्षा सञ्चालनका लागि विद्यालयमा दिईने अनुदान ।

९. प्राविधिक विद्यालय पूर्वाधार विकासका लागि दिइने एकमुष्ठ अनुदान ।

१०. नमूना विद्यालयको पूर्वाधार विकासका लागि एकमुष्ठ अनुदान ।

(पुनश्च : अनुसूची १ मा उल्लेख गरिएका विद्यालयलाई दिईने एकमुष्ठ अनुदानका शीर्षकहरु ओमसतिया गाउँपालिकाको बिनियोजन ऐन, २०७६ मा उल्लेख भए बमोजिमको निकासा रकम विद्यालयमा उपलब्ध गराइने छ।)